# कृषि पशु अनुदान वितरण कार्यविधि, २०७५

## प्रस्तावना

शितगंगा नगरपालिका क्षेत्रभित्रका किसानहरुलाई ब्यवसायिक र प्रतिष्पर्धी बनाई उनीहरुको आय बृद्धि गरी स्वालम्बी बनाउन बाञ्छनिय भएकोले शितगंगा नगरपालिकाको प्रशासकीय कार्यविधि निर्माण गर्ने ऐन २०७७ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी शितगंगा नगरपालिकाको २०७७/५/८ गते बसेको बैठकले यो कार्यबिधि स्वीकृत गरेको छ ।

## परिच्छेद —१

### संक्षिप्त नामा र प्रारम्भ

१( संक्षिप्त नामः- यस कार्यबिधिको नाम शितगंगा नगरपालिकाको कृषि । पशु अनुदान वितरण कार्यबिधि रहने छ ।

२( प्रारम्भ — यो कार्यबिधि तुरुन्त प्रारम्भ हुनेछ ।

## परिच्क्षेद -२

### परिभाषा

विषय प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिकोमा,

क० नगरपालिका" भन्नाले शितगंगा नगरपालिकालाई सम्झनु पर्दछ ।

ख० “नगरप्रमुख" भन्नाले शितगंगा नगरपालिकाको प्रमुख सम्झनु पर्दछ ।

ग० “नगर उप- प्रमुख" भन्नाले शितगंगा नगरपालिकाको उप- प्रमुख सम्झनु पर्दछ ।

घ० “प्रमुख प्रशासकीय अधिकृत" भन्नाले शितगंगा नगरपालिकाको प्रमुख प्रशसकीय अधिकृत सम्झनु पर्दछ ।

ङ० “आर्थिक विकास समितिको संयोजक" भन्ननले नगरपालिकाको विषय क्षेत्रगत समिति अन्तर्गतको आर्थिक विकास समिति सम्झनु पर्दछ ।

च० “वडा" भन्ननले शितगंगा नगरपालिककाका सबै वडाहरुलाई सम्झनु पर्दछ ।

## परिच्छेद — ३

### अनुदान वितिरणका क्षेत्रहरु

क) जिउदो तौलको आधारमा खसीबोका बिक्रीगर्दा कम्तीमा १५० के.जी बिक्री गरेको कृषकलाई प्रति के.जी रु ५० का दर ले अनुदान दिइने व्यबस्था मिलाइने छ ।

ख)स्थानीय कुखुराको मासु प्रती कृषकले कम्तीमा ७५ के.जी उत्दपान गरी बिक्री गरेको कृषकलाई प्रती के.जी रु ५० का दरले अनुदान दिइने व्याबस्था गरीने छ।

ग) दुग्ध उत्दपादनको क्षेत्रमा प्रती कृषकले बार्षीक कम्तीमा १८०० लि.का दरले कृषी पशु संकलन /उपच केन्द्र वा दुग्ध सहकारी मा बिक्री गरेको रेर्कड को आधारमा प्रती लिटर रु ३ का दरले अनुदान दिईने व्याबस्था गरीने छ।

घ) माछा तर्फ रेम्बोट्राउट माछाको हकमा कम्तीमा १५० के.जी बिक्री गर्ने कृषक लाई प्रती के.जी रु १०० का दरले अनुदान दिने र अन्य माछा को हकमा माछा पालन गरेको कृषक लाई कम्तीमा १ रोपनी लाई रु १०००० का दरले अनुदान को व्याबस्था गरीने छ।

ङ) बंगुर पालन ब्याबसाय तर्फ पाठा पाठी उदत्पादन गरी बिक्री गर्ने कृषक लाई प्रतीबर्ष कम्तीमा ५० गोटा पाठा पाठी बिक्री गरे बापत प्रती गोटा रु १०० का दरले अनुदानको व्याबस्था र मासुको हकमा प्रती कृषक ले न्युनतम ५०० के.जी बिक्री गर्ने कृषक लाई प्रती के.जी रु १० का दरले अनुदान दिने व्याबस्था गरीने छ।

# परिच्छेद-४

## अनुदान सम्बन्धि ब्यवस्था

क) परिच्छेद ३ को मा ब्यवस्था भए बमोजिमको अनुदान प्रदान गर्नका लागि प्रत्येक वडामा कम्तिमा एउटा कृषि तथा पशुपालक सहकारी संस्था वा समुह गठन गरिने छ ।

ख) यस्ता कृषक/कृषि सहकारी वा कृषक समुहले अनुदान प्राप्त गर्नको लागि आफुले पशुपंछी बिक्री गरेको संख्या र परीमाण खुलाई वडाको सिफारिस सहित यस नगरपालिकाको पशु सेवा शाखामा प्रत्यक आर्थिक बर्षको पहिलो चौमासीक सम्ममा बुझाउनु पर्नेछ अन्यथा अनुदान दिन यस नगरपालिका बाध्य हुने छैन ।

ग) कृषकहरुले माछा पालन गरेको जग्गाको न्युनतम क्षेत्रफल प्रमाणिकरणको लागि यस नगरपालिकाको अमिनबाट नाप गरि प्रमाणित गरेको प्रमाण पेश गर्नु पर्ने छ ।

घ)आफुले उत्पादन गरेको कृषि। पशु उपजको बिक्रिको रेकर्ड अनुसुची २ बमोजिम राखि अनुदान माग दाबि गर्दा पेश गर्नु पर्ने छ ।

ङ) अनुदान रकम सिफारीस गर्दा सम्बन्धित सहकारीहरुले सिफारीस गर्नुका साथै अनुसुची २ प्रमाणित गरी नगरपालिकामा पठाउनु पर्नेछ र यसरी पठाउदा सम्बन्धित वडा कार्यालयको सिफारीस समेत अनिवार्य हुनुपर्नेछ ।

च)  सहकारी वा समुहबाट सिफारिस भएका अनुदानग्राहीहरु फर्जि वा मापदण्ड पुरा गर्न कम उत्पादन भएकोलाई बढी उत्पादन भएको भनी सिफारिस गरेमा ती सहकारी र समुहहरुको दर्ता खारेज गरी कालो सुचीमा राखिनेछ ।

छ) परिच्छेद ६ को क बमोजिम गठित अनुगमन तथा मुल्याङ्कन समितिले अनुगमन गरि पेश गरेको प्रतिबेदन झुठो ठहरिएमा यस नगरपालिकाको काननुन बमोजिम कार्बाहि गरिनेछ

ज) अनुदान रकम वितरण गर्दा दोहोरो नपर्ने गरि अनुदान वितरण गरिने छ

झ) सहकारी तथा समुह गठन गर्दा तपसिल अनुसारको  प्रकृया तथा कागजातहरु पुरा गरेको वा पेश गरेको हुनु पर्नेछ, साथै अनुसुची १ बमोजिमको निवेदन दिएर दर्ता हुनु पर्नेछ ।

**तपसिल**

१ समुह,समिति,सहकारी गठन भइ कार्यक्रम सचालन गरेको ६ महिना पुगेको निर्णयको प्रतिलिपी ।

२ समुह,समितिका कार्य समितिका पदाधिकारीहरुको नागरिकताको प्रतिलिपी ।

३ कृषि क्षेत्रमा काम गर्ने प्रतिवद्धता

४ सम्बन्धित वडा कार्यालयको सिफारीस

५ कार्य योजना

६ फार्म दर्ताको लागि नागरिकताको प्रतिलिपी

७ फर्म सचालन  भएको जग्गाको लालपुर्जाको प्रतिलिपी

८ फर्म सचालन गरेको जग्गा भाडामा लिएको भए सम्झौताको प्रतिलिपि

९ समूह समितिको विधान

# परिच्छेद—५

## व्यवस्थपान समिति

क० अनुदान व्यवस्थापन गर्न नगरपालिकामा निम्न बमोजिमको व्यवस्थापन समिति रहनेछ ।

नगरप्रमुख- अध्यक्ष

नगर उप-प्रमुख- सदस्य

पुर्बाधार विकास समिति संयोजक - सदस्य

आर्थिक विकास समितिको संयोजक- सदस्य

प्रमुख प्रशासकीय अधिकृत-  सदस्य

पशु सेवा शाखा प्रमुख- सदस्य सचिव

# परिच्छेद-६

## अनुगमन तथा मुल्यांकन

क० यस कार्य विधि अनुरुप काम भए नभएको सम्बन्धमा अनुगमन गर्न तपसिल अनुसारको अनुगमन समिति रहने र सो समितिले अनुगमन गरी दिएको प्रतिबेदनको अधारमा अनुदान दिईनछ ।

तपसिल

१० पशु सेवा शाखा प्रमुख — संयोजक

२० सम्बन्धित वडाको वडा सचिब —सदस्य

३० सम्बन्धित वडाको समुह/सहकारिको प्रतिनिधि — सदस्य

रोहबर

ज्ञ० वडाको प्रतिनिधि

ख० यस बमोजिम बितरण भएको अनुदान रकमको जानकारी कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

# परिच्छेद-७

## संशोधन तथा परिमार्जन

नगर कार्यपालिकाले यो कार्य विधि जुनसुकै समयमा संशोधन तथा परिमार्जन गर्न सकिनेछ।

# परिच्छेद-८

## खारेजी तथा बचाउ

यो कार्यविधि प्रचलित नेपाल सरकारको कानून, प्रदेश सरकारको कानून र शितगंगा नगर कार्यपालिका कानूनसंग बाझिएमा बाझिएको हद सम्म खारेज वा संशोधन हुनेछ ।

# अनुसूची -१

सहकारी वा समूहले नगरपालिकामा पेश गर्नु पर्ने निवेदन का ढाँचा तथा आवश्यक कागजातहरु

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
शितगंगा नगरपालिकाको कार्यालय, ठाडा,अर्घाखाँची ।

बिषयः — उत्पादनमा आधारित अनुदान कार्यक्रम स्वीकृत सम्बन्धमा ।

प्रस्तुत बिषयमा यस नगरपालकाको बार्षिक कार्यक्रम अनुसार उत्पादनमा आधारित अनुदानमा आधारीत कृषि अनुदान कार्यक्रमको लागि सिफारिस गर्न सहकारी/समूह दर्ताका लागि निवेदन माग भए अनुसार यस सहकारी/समुहको मिति................................ बसेको संचालक समितिको बैठकको निर्णय बमोजिम उक्त कार्यक्रम सहजीकरणको लागि तपशिलको विवरण सहित यो निवेदन पेश गरेको छु ।

तपशिल

सहकारी/समूहको नाम :

ठेगाना :

दर्ता न. : दर्ता मिति :

पान न. :

शेयर सदस्य संख्या : शेयर रकम :

बचत रकम अन्य रकम :

सहकारीको कुल जम्म रकम :

सदस्यहरुले ब्यवसायिक रुपमा गरेक बालीको नाम......................................

क्षेत्रफल..........

.........................
अध्यक्ष

संलग्न कागजातहरु

१० सहकारीको संचालक समितिबाट उत्पादनमा आधारित अनुदान कार्यक्रम सहजीकरणको लागि नगरपालिकाबाट स्वीकृति लिने निर्णयको प्रतिलिपि

२० सहकारी दर्ता प्रमाण पत्र, पान न.को प्रमाण पत्र प्रतिलिपि

## अनुसुची २

# सहकारीबाट अनुदान माग फारम

सहकारीको नामः

ठेगानाः

विवरणको अवधिः .......................देखि......................सम्म

| क्र.स | विक्रि मिति | कृषकको नाम | समुहकोको नाम | क्षेत्रफल/ संख्या | बाली | जम्मा उत्पादन | जम्मा रकम रु. |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| जम्मा | | | | | | | |

अनुदान प्राप्त गर्ने कृषकको संख्या........

विक्री गरिएको संख्या................

विक्रि जम्मा के.जी......................

माग गरिएको रकम रु............................

विवरण तयार गर्ने को हस्ताक्षर

विवरण तयार गर्नेको नामः

विवरण तयार गर्नेको पद

मितिः

प्रमाणित गर्नेको हस्ताक्षर

प्रमाणित गर्नेको नामः

प्रमाणित गर्नेको पदः

मितिः

प्रमाणिकरण मितिः

आज्ञाले

प्रमुख प्रशासकीय अधिकृत